# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम )
## ६ नं. प्रदेश, नेपाल

सर्म्पक नं.
९७४१३८९९६१
९७४८५८३१३८

मिति : २०७४/१०/०८

**पत्र संख्या :** २०७४/०७५
**चलानी नम्बर :** ४६३

**विषय :** परिपत्र

श्री ..........नं. वडा कार्यालय,

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

प्रस्तुत विषयमा आठविसकोट नगर कार्यपालिकाले विभिन्न समयमा गरेका निर्णयहरु प्राप्त गर्नु भएकै होला । नगर कार्यपालिकाले गरेका निर्णयहरुमध्ये केही निर्णयहरुको सम्बन्धमा स्पष्टता तथा अन्यौलता रहेको जस्तो तहां वडा कार्यालयबाट सम्पादन भएका कार्यहरुको अध्ययन गर्दा देखिन आएकोले तपसिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

तपसिल

१. आर्थिक ऐन, २०७४ अनुसार केही वडाहरुले एकीकृत सम्पत्ति कर र मालपोत कर दुवै असुल गरिसकेको, नगरसभाबाट पारित कानुन तत्काल संशोधन हुन नसक्ने एवं. राजश्वको लक्ष्यमा दुवै करबाट असुल हुने अनुमानित रकम समावेश भएकोले एकीकृत सम्पत्ति कर वा मालपोत करमध्ये एउटामात्र असुल गर्दा राजश्वको लक्ष्य समेत पुरा नभई वार्षिक बजेट तथा कार्यक्रम नै प्रभावित हुने देखिएकोले आगामी आर्थिक वर्षमा स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार हुने गरी यस आर्थिक वर्षको लागि आर्थिक ऐन, २०७४ मा उल्लेख भए बमोजिमकै दरमा एकीकृत सम्पत्ति कर र मालपोत कर दुवै दोस्रो चौमासिकभित्र उठाई करदाताहरुलाई करदाता प्रमाणपत्र वा कार्ड समेत उपलब्ध गराउने ।

२. उपभोक्ता समिति, अनुगमन समितिमा रहने व्यक्तिहरुको एकीकृत सम्पत्ति कर र मालपोत कर दुवै तिरेको रसिद वा करदाता प्रमाणपत्र वा कार्ड संलग्न गरेरमात्र सम्झौताको लागि पठाउने ।

३. वडा कार्यालयबाट कुनै पनि प्रकारको सिफारिस वा प्रमाणित दिंदा एकीकृत सम्पत्ति कर र मालपोत तिरेको रसिद वा प्रमाणपत्र संलग्न गनुपर्ने भनि यस अघि नै कार्यविधि बनिसकेकोले अनिवार्य रुपमा यस प्रावधानको कार्यान्वयन गर्ने गराउने । साथै आर्थिक ऐनमा उल्लेख भए अनुसारको सेवा शुल्क समेत लिने ।

नि. प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम )
## ६ नं. प्रदेश, नेपाल

सर्म्पक नं.
९७४१३८९९६१
९७४८५८३१३८


**मिति : २०७४/१०/०८**

**पत्र संरव्या :** २०७४/०७५

**चलानी नम्बर :** ..........

४. वडा कार्यालयमा संकलन भएको राजश्व प्रत्येक महिनाको ५(पांच) गतेभित्र विवरण सहित नगरपालिकाको संचित कोषमा जम्मा हुनुपर्ने व्यवस्था छ । धेरैजसो वडा कार्यालयबाट संकलन भएको राजश्व समयमै नगरपालिका कार्यालयमा प्राप्त हुन नसकेकोले अव उप्रान्त समयमै राजश्व नगरपालिकाको कार्यालयमा प्राप्त नभएमा सम्बन्धित वडाका योजनाहरुको सम्झौता, भुक्तानी, कर्मचारी तथा पदाधिकारीहरुको सेवा सुविधा समेत रोक्का गरिने ।

५. स्वीकृत आयोजनाहरु कार्यान्वयन गर्दा यसैसाथ संलग्न ब्रोसर अनुसार सम्झौतापुर्वका चरणहरु, सम्झौता भईसकेपछिका चरणहरु, योजनाको फरफारक एवं. भुक्तानी हुनुपुर्वका चरणहरु र भुक्तानी हुंदाका चरणहरुमा गर्नुपर्ने सम्पुर्ण कार्य एवं. प्रक्रियाहरु पुरा गरेरमात्र नगरपालिकामा पठाउने । योजना कार्यान्वयन गर्दा सम्बन्धित प्राविधिको सल्लाह र सुझावमा कार्य गर्ने ।

६. वडाको लेटरप्याडमा कुनै पनि प्रकारको केरमेट नगर्ने एवं. कम्प्युटर र प्रिन्टरको प्रयोग गरी हस्तलिखितभन्दा कम्प्युटाकृत पत्रहरु प्रयोग गर्ने गराउने । लिखित शुद्धतालाई विशेष जोड दिने र प्राप्त ढांचाहरुमा मात्र सिफारिस र प्रमाणितका कार्यहरु गर्ने ।

.............................

रामबहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत